**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 12.10.2024**

**Rajnath-Shastra Puja**

रक्षा मन्त्री श्री राजनाथ सिंहले आज सिलगढीको सुकना सैन्य स्टेशनमा पारम्परिक शस्त्र पूजा गर्नुभयो। भारतीय सेनामा यो महत्त्वपूर्ण समारोह राष्ट्रको सम्प्रभुताको रक्षकका रूपमा हतियारप्रति सम्मानको प्रतीक हो। उहाँले सैनिकहरूसँग कुराकानी गर्नुभएपछि कार्यक्रम समापन भयो। उहाँले सम्बोधनमा भन्नुभयो, "भारतले कहिले पनि कुनै देशमाथि घृणा वा द्वेषका कारण आक्रमण गरेको छैन। हामी तब लड्दछौं, जब कसैले हाम्रो अखण्डता र सम्प्रभुताको अपमान गर्दछ वा त्यसलाई नोक्सान पुऱ्याउने प्रयास गर्दछ। शस्त्र पूजा भनेको आवश्यक परेमा पूरा तागत लगाएर हतियार उपयोग गरिनेछ भन्ने स्पष्ट सङ्केत हो।" शक्ति, सफलता अनि सुरक्षाका लागि आशीर्वाद माग्न गरिने यस अनुष्ठानले बढा दशैंको सांस्कृतिक अनि आध्यात्मिक महत्त्वलाई दर्शाउँदछ। यसले देशको सुरक्षामा हतियार प्रणालीको महत्त्वपूर्ण भूमिका रहेको जनाउँदछ। यो राष्ट्रको रक्षाका लागि सशस्त्र बलको तयारी, सङ्कल्प र अटुट समर्पणको प्रतीक हो। यस समारोहले भारतीय सेनाको परम्परा र आधुनिकीकरणको मिश्रणलाई पनि दर्शाउँदछ।, जसमा भारतको सम्प्रभुता कायम गर्न र स्वदेशी प्रणाली अनि मञ्चलाई बढावा दिन ध्यान केन्द्रित गरिएको छ। यस कार्यक्रममा थल सेना अध्यक्ष जनरल उपेन्द्र द्विवेदी, रक्षा सचिव श्री आर.के सिंह, पूर्वी कमानका जेनरल अफिसर कमाण्डिङ इन चीफ लेफ्टिनेन्ट जेनरल रामचन्द्र तिवारी आदि अन्य वरिष्ठ अधिकारी सामेल थिए। साथै, श्री सिंहले सीमा सडक संगठन, बी.आर.ओ-द्वारा 2 हजार 2 सय 36 करोडका लागतमा निर्मित 75 वटा विभिन्न पूर्वाधार परियोजनाहरू आज भर्चुअली उद्घाटन गरी राष्ट्रलाई समर्पित गर्नुभयो। यी परियोजनाहरूमध्ये, 6 वटा सिक्किममा निर्माण गरिएका छन्।

**CM-Governor-75 infrastructure**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज देशभर विकसित 75 वटा रणनीतिक पूर्वाधार परियोजनाहरूको भर्चुअल उद्घाटनमा उपस्थित हुनुभयो, जसमध्ये 6 परियोजना सिक्किमका हुन्। बी.आर.ओ-द्वारा निर्मित यी परियोजनाहरूको सेराथाङमा आयोजित कार्यक्रममा रक्षामन्त्री श्री राजनाथ सिंहले भर्चुअली उद्घाटन गर्नुभयो। यस उपलब्धिले राष्ट्रिय सुरक्षा दहिलो हुने र जुन हाम्रो सीमा क्षेत्रमा पूर्वाधार विकासका दिशामा महत्त्वपूर्ण कदम भएको मुख्यमन्त्रीले बताउनुभयो। उहाँले आफ्नो आधिकारिक फेसबुक पृष्ठमा भन्नुभएको छ, म रक्षामन्त्रीप्रति यस महत्त्वपूर्ण उद्घाटनका लागि कृतज्ञता व्यक्त गर्दछु, अनि भारतीय सेना र BRO लाई उनीहरूको उल्लेखनीय उपलब्धि, साथै उनीहरूको अनुकरणीय आतिथ्य र उत्कृष्ट कार्यक्रम आयोजनाका लागि हार्दिक बधाई र धन्यवाद दिन चाहन्छु। स्मरण रहोस्, रक्षामन्त्रीले हिज सिलगढीको सुकना सैन्य स्टेसनबाट बर्दाङमा प्रेरणा स्थल स्मारकको भर्चुअली उद्घाटन गर्नुभयो जसमा राज्यपाल श्री ओम प्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ उपस्थित हुनुहुन्थ्यो।

**Mangan-Bridge Inauguration**

मङ्गन जिल्ला अन्तर्गत फिदाङमा टिस्टा नदीमा नवनिर्मित झोलुङ्गे पुलको आज रक्षामन्त्री श्री राजनाथ सिंहले उद्घाटन गर्नुभयो। 320 फिट लामो र 40 टन क्षमताको यस पुलले विशेष गरी मङ्गन-चुङ्थाङ सडक सम्पर्कविहीन भएको बेला सीमा क्षेत्रका लागि महत्त्वपूर्ण जीवनरेखाका रूपमा काम गर्नेछ। अघिल्लो पुल बाढीले बगाएकाले यो पुल निर्माण गरिएको हो।

**Vijaydashami**

बडा दशैँको सबैभन्दा महत्त्वपूर्ण दिन विजया दशमी आज राज्यमा धूमधामसित मनाइयो। देवी दूर्गाले राक्षसहरूलाई मारेर शान्ति स्थापित गरेका खुसीमा यो पर्व मनाइन्छ। असत्यमाथि सत्यको र असुरी शक्तिमाथि दैवी शक्तिको विजयका रूपमा मनाइने यस चाढमा रावण, कुम्भकर्ण र मेघनाथको पुत्ला जलाउने चलन छ। हिन्दू धर्मावलम्बीहरूले आश्विन शुक्ल प्रतिपदादेखि महानवमीसम्म देवी दूर्गाका विभिन्न स्वरूपको पूजा गरेपछि आज दूर्गा माताको प्रतिमा बिसर्जन गर्छन्। नेपाली हिन्दू समुदायमा भने देवी विर्सजनपछि ठूला-बडाले सानाहरूलाई निधारमा अक्षता र शीरमा जमरा राखी आशिर्वाद दिन्छन्। राज्यमा आज भारी सङ्ख्यामा मानिसहरू रङ्गीबिरङ्गी लुगाफाटा र निधारमा टीका लगाई आफन्तहरूकहाँ गएको देखियो। आजदेखि कोजाग्रत पूर्णिमासम्म आफन्तहरूकहाँ गई टीका लगाएर आशिर्वाद लिने प्रचलन छ।

**SFA-S League**

सिक्किम फुटबल संघ 'ए' डिभिजन एस-लीग 2024-25 को चरण 10 हिजो यहाँ पल्जर स्टेडियममा समाप्त भयो। यस लीगका बाँकी 16 खेलहरू आगामी नोभेम्बर महिनामा खेलिने गभर्नर गोल्ड कप फुटबल प्रतियोगिता २०२४ पछि खेलिनेछन्।

**समाचार पूरा भयो।**